# पर्यटकको न्यून वृद्धि र १५ लाखको लक्ष्य



विपेन्द्र कार्की

नेपालमा पर्यटन क्षेत्रको असीमित सम्भावना छ । विगत केही समयदेखि नेपालमा पर्यटकहरूको आगमन दर उत्साहजनक ढङ्गले बढ्दै गएको पनि छ । सन् २०१७ मै १० लाख पर्यटकले नेपाल भ्रमण गरेको आकलन भएकोमा ९ लाख ४० हजारले भ्रमण गरेको तथ्याङ्क नेपाल पर्यटन बोर्डको छ, यो त्रिभुवन विमानस्थल र अन्य स्थल नाकास्थित अध्यागमन चेकपोस्टमा अभिलेखित गरेर आएका पर्यटकको सङ्ख्या हो ।

नेपालमा मूलतः भारतीय पर्यटक आउँछन् । नेपाल र भारतबीचको खुला सिमाना, दुई देशबीचका नागरिकहरूबीच रहेको सम्बन्ध र अन्य कारणहरूले गर्दा अध्यागमन चेकपोस्टमा अभिलेखित नै नगरी आउने भारतीय पर्यटकको सङ्ख्या पनि निकै ठूलो छ । यसको सोझो अर्थ के हो भने नेपालमा अहिले आइरहेकै पर्यटकहरूको सङ्ख्या दस लाख हाराहारीमा पुगिसकेको छ, यो नेपाल पर्यटन वर्ष २०११ मा राखिएको लक्ष्य बराबरी नै हो । पर्यटक आउने क्रम बढ्दै गएसँगै नेपाल पर्यटन बोर्डले सन् २०१८ मै १२ लाख पर्यटक आउने प्रक्षेपण गरेको छ । नेपालका प्रमुख तारे होटल तथा पर्यटकस्तरीय होटल र रिसोर्टहरूमा भइरहेको बुकिङका आधारमा बोर्डले यो प्रक्षेपण गरेको हो ।

पर्यटक आगमनको उत्साहजनक वृद्धि शुभ सङ्केत भए पनि यसमा स्थिरता छैन । यस वर्ष नेपाल आउने पर्यटकहरूको सङ्ख्या यसभन्दा बढी पनि हुन सक्छ, कम पनि । नेपालले लक्ष्य राख्दैमा पर्यटक आइहाल्दैनन् भन्ने कुराको उदाहरण नेपाल पर्यटन वर्ष-२०११, लुम्बिनी भ्रमण वर्ष-२०१२ ले नै देखाइसकेका छन् । पर्यटक बोर्डले राखेको लक्ष्यअनुसार नै नभए पनि डेढ लाख पर्यटक नेपाल आएका भए त्यसले नेपाली पर्यटन उद्योगलाई निकै ठूलो टेवा पुग्ने निश्चित छ । पर्यटक आकर्षित गर्न प्रोडक्टको जरूरी छ । अहिलेकै पर्यटकीय उत्पादन र पूर्वाधार कायमै रहने हो भने तत्काललाई पर्यटकको सङ्ख्या त बढ्ला तर त्यसको स्थायित्व कति रहला भन्ने मुख्य सवालमा ध्यान दिनैपर्छ । त्यसै पनि अहिले नै नेपाल आउने पर्यटकहरूको प्रतिदिन खर्च निकै कम छ । नेपाललाई सस्तो पर्यटन गन्तव्यका रूपमा बजारीकरण गर्दा यहाँ पर्यटकको भिड त बढ्ला तर त्यसले पर्यटन आय विस्तारमा कुनै भूमिका निर्वाह नै गर्न सक्दैन । कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा पर्यटन क्षेत्रको योगदान चार प्रतिशतभन्दा कम हुनुको मुख्य कारण पनि यही नै हो । जीडीपीमा पर्यटन क्षेत्रको योगदान बढाउने हो भने पर्यटनमा हुने लगानी र त्यहाँबाट प्राप्त हुने प्रतिफल दुवैमा विस्तार गर्नैपर्छ ।

पर्यटकलाई ल्याएर मात्र हुँदैन, उनीहरूको इच्छाअनुसार सुविधा पनि दिनुपर्छ । नेपालमा प्रतिपर्यटक बसाइको अवधि औसतमा १४ दिन पनि छैन भने प्रतिपर्यटक प्रतिदिन खर्च ५५ डलरभन्दा कम छ । नेपाल आउने पर्यटकले यहाँ थोरै दिन बसोबास गर्ने र थोरैमात्र खर्च गर्नुका मुख्य कारण भनेको पर्यटकीय उत्पादन कम हुनु नै हो । अहिले पनि नेपाल आउने पर्यटकले भ्रमण गर्ने स्थानहरू निकै सीमित छन् । होटल र रिसोर्टसहित पर्यटक बस्ने स्थलहरूको सङ्ख्या त बढ्दै गएको छ, तर पर्यटकका लागि आवश्यक सेवाविस्तारका लागि नयाँ र रचनात्मक ढङ्गले सोच्नै सकिएको छैन । यहाँ आउने पर्यटकलाई केवल हरियो डलरको आम्दानी मात्र देख्ने तर न्यूनतम पर्यटकीय सेवा विस्तार गर्न नसक्दा सम्भाव्यताअनुसार पर्यटन क्षेत्रको विस्तार हुनै सकिरहेको छैन । देश सङ्घीय संरचनामा गइसकेको अहिलेको परिप्रेक्ष्यमा प्रत्येक प्रदेशमा रहेका पर्यटकीय सम्भावनाको दोहन गर्नका

लागि उचित नीति बनाउनैपर्छ ।

## नयाँ लक्ष्य पूरा होला ?

हरेक पर्यटनमन्त्रीले नयाँ घोषणा गर्ने परम्पराजस्तै भइसकेको छ । नवनियुक्त पर्यटनमन्त्री रवीन्द्र अधिकारीले पदबहाली गरेलगत्तै दुई निर्णय गरेका छन्, पहिलो सन् २०२० भित्र वार्षिक १५ लाख पर्यटक भित्र्याउने र सन् २०२० लाई 'नेपाल भ्रमण वर्ष' का रूपमा मनाउने । सन् २०१७ को पर्यटक आगमनको स्तर हेर्दा पर्यटनमन्त्री अधिकारीले राखेको वार्षिक १५ लाख पर्यटकको लक्ष्य न महत्त्वाकाङ्क्षी हो, न त असम्भव नै । अन्तर्राष्ट्रिय पर्यटन बजारमा नेपालको आफ्नै विशिष्ट पहिचान छ । यहाँको पर्यटन सम्भाव्यताको निकै सानो अंश मात्र नेपालले उपयोगमा ल्याउन सकेको कुरामा सायदै दुई मत होला । सही ढङ्गले बजारीकरण र व्यवस्थापन गर्ने हो भने नेपालमा वार्षिक १५ लाख मात्र होइन, २० लाखसम्म पर्यटक आउन सक्छन् । पर्यटकीय सुविधाहरूमा अझ विस्तार गर्न सकिए यो सङ्ख्या अझ बढ्न पनि सक्छ । पर्यटन बजार विस्तारका लागि नेपालले गर्नुपर्ने पहल कमजोर भएकै कारण आजका मितिसम्म पनि वार्षिक १० लाख पर्यटक सङ्ख्या पुऱ्याउन नसकिएको हो । बढी पर्यटक भित्र्याउनका लागि नाराले मात्र हुँदैन, त्यसका लागि पूर्वाधारसँगै सेवाको स्तरमा पनि सुधार हुनु आवश्यक छ । 'गोरो, सेतो छाला' भएका विदेशी देख्नेबित्तिकै जसरी हुन्छ, बढीभन्दा बढी ठगिहालूँ भन्ने मान्यताले पर्यटकीय क्षेत्रमा व्यवहार गरिन्जेल नेपालको पर्यटनको स्तरवृद्धि हुन्छ भनेर कल्पनासमेत नगरे हुन्छ । नेपालमा सङ्ख्यात्मक आधारमा पर्यटक त बढ्दै गएका छन्, तर गुणस्तरीय पर्यटकको सङ्ख्या पनि उत्तिकै घट्दै गइरहेको छ ।

कुनै पनि नयाँ पर्यटकीय अभियानहरू घोषणा गर्नुपूर्व विगतदेखि हालसम्म सञ्चालन गरिएका अभियानहरू किन लक्ष्यअनुसार सफल हुन सकेनन् भनेर तहगत विश्लेषण गरिनु जरूरी छ । वार्षिक ५ लाख पर्यटक पुऱ्याउने उद्देश्यसहित मनाइएको 'भिजिट नेपाल इयर-१९९८' देखि यसै वर्ष गैरआवासीय नेपाली सङ्घले नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा आयोजना गरिरहेको 'अतिथि देवो भवः' सम्म आइपुग्दा जहिल्यै सङ्ख्यात्मक रूपमा पर्यटक बढाउने कुरामा मात्र जोड दिइयो । पर्यटकहरूको सङ्ख्यात्मक वृद्धि जति आवश्यक छ, गुणात्मक वृद्धिले पनि उत्तिकै महत्त्व राख्छ । दशकौंदेखि सस्ता (ब्याक-प्याकर) पर्यटकको स्वर्गका रूपमा अन्तर्राष्ट्रिय पर्यटन बजारमा ख्याति कमाएको नेपालमा जतिसुकै पर्यटक सङ्ख्या बढे पनि त्यसले गार्हस्थ्य उत्पादनमा योगदान बढाउन सक्दैन ।

नेपालको पर्यटन विकासमा अहिलेसम्म निजी क्षेत्रले नै एकल रूपमा नेतृत्व लिँदै आइरहेको छ । सार्वजनिक-निजी साझेदारीमा स्थापना भएको नेपाल पर्यटन बोर्डको भूमिका नै पछिल्लो समयमा प्रभावकारी हुन नसकिरहेको परिप्रेक्ष्यमा पर्यटनमन्त्री अधिकारीले राखेको वार्षिक १५ लाख पर्यटकको लक्ष्य पूरा गर्न केही आधारभूत सुधार गर्नैपर्ने हुन्छ । सुधारको पहिलो कदम विमानस्थलहरूको स्तरोन्नति र क्षमता विस्तारबाट आरम्भ गरिनुपर्छ । अहिलेकै एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल र प्रमुख पर्यटकीय गन्तव्यका साँघुरा विमानस्थलबाट अधिक पर्यटक ल्याउने लक्ष्य हासिल हुन सक्दैन । सुधारको दोस्रो पक्ष पर्यटकीय गन्तव्यहरूमा आवश्यक पूर्वाधार विस्तार हुनैपर्छ । भूकम्पले भत्काएका सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माण अझै भएको छैन नै, त्यसले बिगारेका कतिपय ट्रेकिङ ट्रेलहरू अझै पनि मर्मत-सम्भार भएका छैनन् । सुधारको अर्को महत्त्वपूर्ण कडी हो– अतिथिको सत्कारसम्बन्धी नेपालीहरूको व्यवहारमा सुधार । देशैभरि पर्यटकप्रति गरिने व्यवहारमा सुधार गर्न कठिन हुने भए पनि कम्तीमा मुख्य पर्यटन गन्तव्यहरूमा पर्यटकलाई साँच्चि नै 'अतिथि देवो भवः' को मर्मअनुसार स्वागत, सत्कार र अन्य आतिथ्यका व्यवहार गरिनु आवश्यक छ । यी सबै सुधारपछि अनि बल्ल नेपाल भ्रमण वर्ष मनाउने योजनाको सान्दर्भिकता रहन्छ ।

*लेखक कार्की कारोबार दैनिक पत्रिकासँग आबद्ध छन् ।*